# सुरक्षाकर्मीहरूको आवश्यकता

**प्रकाशित मितिः २०७६/११/१३**

यस रेमिट हाइड्रो लिमिटेडमा आलोपालो मिलाई २४सै घण्टा सुरक्षा प्रदान गर्नका लागि सुरक्षाकर्मीहरूको आवश्कता भएको हुँदा इच्छुक दर्तावाल सुरक्षा सेवा प्रदायक कम्पनीहरूलाई मिति २०७६/११/२७ गते, शुक्रबार अपरान्ह १२:०० बजे भित्र पेश गर्ने गरि सिलबन्दी बोलपत्र आह्वान गरिएको छ । प्रस्ताव पेश गर्दा प्रस्ताव सम्बन्धी कागजातमा उल्लेखित सेवाको कार्य क्षेत्रगत शर्त र कार्य विवरण, प्रस्ताव साथ पेश गर्नुपर्ने न्युनतम कागजातहरू तथा सेवा शुल्क भुक्तानीको तरिका अध्ययन गरी प्रस्ताव पेश गर्नु पर्नेछ । यो सुचना प्रकाशित भएको मितिले १५ औं दिन मिति २०७६/११/२७ गते भित्र कम्तिमा ३ वर्षको अनुभव हासिल गरेका प्रस्तावदाताले कम्पनीको कार्यालयबाट प्रस्ताव सम्बन्धी थप जानकारीका लागि यस कार्यालयमा सम्पर्क गर्न सकिने छ । मिति २०७६/११/२७ को २:३० बजे प्रस्ताव खुलिने व्यहोरा पनि जानकारी गराईन्छ ।

**आवेदनसाथ पेश गर्नुपर्ने विवरणहरूः**

१. कम्पनी/फर्म दर्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि ।
२. मूल्य अभिबृद्धि कर कार्यालयमा दर्ता भएको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि ।
३. गृह मन्त्रालय, क्षेत्रिय प्रशासन कार्यालयको अद्यावधिक सहमती-पत्रको प्रतिलिपि ।
४. आर्थिक वर्ष २०७५/७६ को कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि ।
५. सुरक्षा सेवा प्रदायकबाट सेवा प्राप्त गरेको ग्राहकहरूको विवरण ।
६. श्रम इजाजत पत्र ।
७. ३ वर्षको कार्य अनुभव ।
८. व्यक्तिगत विवरण (CV) ।
९. नागरिकता तथा शैक्षिक प्रमाणपत्रको छँाया प्रति ।

**सुरक्षाकर्मीहरूको लागि तोकिएको योग्यता :**

१. सैनिक वा प्रहरी सेवाबाट तत्सम्बन्धी तालिम प्राप्त गरी अवकाश पाएका वा तत्सम्बन्धी तालिम प्राप्त नेपाली नागरिक कुनै वात कसुर नलागेका हुनुपर्ने । कक्षा ८ पास गरेको हुनुपर्ने ।
२. कम्तिमा ३ वर्ष सुरक्षाकर्मीको कार्य गरेको कार्य अनुभव हुनुपर्ने ।
३. उमेर २५ बर्ष देखि ५० बर्ष उमेर ननाघेको हुनुपर्ने ।

यस सम्बन्धमा केही कुरा बुझ्नु परेमा तलको ठेगानामा सम्पर्क राख्नुहुन अनुरोध छ ।


**रेमिट हाइड्रो लिमिटेड**
महाराजगंज, काठमाण्डौ
फोन नं. ०१-४४३०९८६, ४४२४९५४, Email: info@remithydro.org.np